नगर कार्यपालिकाको कार्यालय
कालिका नगरपालिका
रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल
२०७३

बैठक संख्याः १७
मितिः २०८०/०२/१६
समयः बिहान ८:३० बजे
स्थानः नगर कार्यपालिकाको कार्यालय, रेडक्रसग्राम, चितवन ।

आज मिति २०८०/०२/१६ गते यस कालिका नगरपालिकाका नगर प्रमुख श्री विनोद रेग्मीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्युहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरुमाथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

| क्र.सं. | पद/दर्जा | उपस्थित पदाधिकारीको नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री विनोद रेग्मी | |
| २ | नगर उपप्रमुख | श्री विमला तमाङ | |
| ३ | वडा अध्यक्ष | श्री सन्तविर स्याङ्दान | |
| ४ | वडा अध्यक्ष | श्री लक्ष्मण पौडेल | |
| ५ | वडा अध्यक्ष | श्री विरेन्द्र तमाङ | |
| ६ | वडा अध्यक्ष | श्री मकरमान श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | श्री दिपक बहादुर भट्टराई | |
| ८ | वडा अध्यक्ष | श्री टिकाराम रेग्मी | |
| ९ | वडा अध्यक्ष | श्री कमल राज मुक्तान | |
| १० | वडा अध्यक्ष | श्री चित्र बहादुर मगर | |
| ११ | वडा अध्यक्ष | श्री निलकण्ठ मगर | |
| १२ | वडा अध्यक्ष | श्री नरजंग प्रजा | |
| १३ | वडा अध्यक्ष | श्री कृष्ण बहादुर प्रजा | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री सरस्वती खत्री | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री शान्ती महतो | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री फारम कुमारी ढकाल | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री सम्झना परियार | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री भुव कुमारी रानामगर | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री दिपक सिंह परियार | |
| २० | नगर कार्यपालिका सदस्य | श्री ज्योति सुनार | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री धन माया प्रजा | |
| २२ | सचिव | श्री केशवप्रसाद उपाध्याय | |

CamScanner

# कालिका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### कार्यपालिका बैठकको निर्णय निकासा

| बैठक संख्या | १७ | बैठक मितिः | २०८०/०२/१६ |
|---|---|---|---|

| प्रस्ताव नं. | प्रस्ताव गर्ने शाखा | प्रस्ताव | निर्णय | कैफियत |
|---|---|---|---|---|
| १ | भवन तथा वस्ति विकास शाखा | नगरपालिकाको प्रशासनिक भवन र १ नं. वडा कार्यालय र ७ नं. वडा कार्यालय रहेको भवन र भवनले चर्चेको जग्गा छुट नाप नक्शा गराई दर्ता कायम गर्ने सम्बन्धमा । | कालिका नगरपालिकाको संरक्षणमा रहेका प्रशासकीय भवन, १ नं. वडा कार्यालय र ७ नं. वडा कार्यालय रहेको भवन र भवनले चर्चेको जग्गाको नापी नक्शा छुट भएको देखिएकोले मालपोत ऐन, २०३४ को दफा ७ को उपदफा (१) बमोजिम नापी नक्शा गराई दर्ता कायम गर्ने प्रकृया अगाडि बढाई दिन जिल्ला प्रशासन कार्यालय चितवन र जिल्ला मालपोत कार्यालय, चितवनलाई अनुरोध गर्ने । | |
| २ | प्रशासन शाखा | कालिका नगरपालिकाको दोस्रो कार्यकालको तेस्रो नगरसभा अधिवेशन आह्वान सम्बन्धमा । | कालिका नगरपालिकाको दोस्रो कार्यकालको तेस्रो नगरसभा अधिवेशन मिति २०८०/०३/०३ बाट शुरु हुने गरी नगरसभा अधिवेशनको आह्वान गर्ने । | |
| ३ | विपद् वन तथा वातावरण शाखा | विपद व्यवस्थापन समितिको मिति २०८०/०२/०७ र २०८०/०२/१४ को निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा। | विपद्, वन तथा वातावरण शाखाबाट पेश भएको कालिका नगरपालिकाको विपद् व्यवस्थापन समितिको मिति २०८०/०२/०७ र २०८०/०२/१४ को निर्णयहरु अनुमोदन गर्ने । | |
| ४ | आर्थिक प्रशासन शाखा | विपद कोषको रकम सम्बन्धमा । | विपद् व्यवस्थापन समितिको मिति २०८०/०२/०७ गतेको निर्णयानुसार थाङ खोला बुङ्ग खोला नदी व्यवस्थापनको लागि प्राविधिक शाखाबाट सर्भे भई लागत अनुमान तयार गर्दा अत्यावश्यक तटबन्धका कार्यहरु सम्पन्न गर्न विनियोजित बजेटमा रु बीसलाख पचासहजार नपुग भएको रकम विपद् कोषबाट खर्च गर्न निर्णय भए बमोजिम उक्त थाङ्ग खोला बुङ्ग खोला व्यवस्थापन कार्यकोलागि नपुग रकम विपद् कोषबाट खर्च लेख्ने । | |
| ५ | आर्थिक प्रशासन शाखा | राजश्व बाँडफाँड शिर्षक तर्फका दायित्व सिर्जना भइसकेका योजनाहरुको लागि समानीकरण शिर्षकबाट स्रोतान्तर गर्ने सम्बन्धमा । | योजना शाखाबाट भए बमोजिमको राजश्व बाँडफाँड शीर्षक तर्फ दायित्व सिर्जना भई सकेका योजना तथा कार्यक्रमहरुको भुक्तानीको लागि अपुग हुने रकम अवस्था हेरी समानीकरण अनुदान /आन्तरिक स्रोतमा स्रोतान्तर गरी खर्च लेख्ने र आगामी नगरसभामा अनुमोदन समेत गर्ने । | |
| ६ | शिक्षा, युवा तथा खेलकुद शाखा | स्थानीय पाठ्यपुस्तक स्वीकृत गरी छपाई गर्ने सम्बन्धमा । | स्थानीय पाठ्यक्रम "मेरो प्यारो कालिका" लेखन समितिले तयार गरी पेश गरेको कक्षा १, २ र ३ को पाठ्यपुस्तक स्वीकृत गर्ने। कम्तिमा दुई शैक्षिक सत्रसम्म पुग्ने संख्यामा पाठ्यपुस्तक छपाई गर्ने नगर कार्यपालिकाको कार्यालयलाई स्वीकृति दिने । | |

केशवप्रसाद [illegible]
[illegible] अधिकृत

विनोद रेग्मी
प्रमुख

| | | | | |
|---|---|---|---|---|
| ७ | प्रशासन शाखा | विषयगत समिति कार्यसञ्चालन कार्यविधि नियम, २०८० स्वीकृति सम्बन्धमा । | कालिका नगरपालिकाको विषयगत समिति कार्यसञ्चालन कार्यविधि नियम, २०८० स्वीकृति गर्ने । | |
| ८ | पूर्वाधार विकास शाखा | रुग्ण पुर्वाधार निर्माण सम्बन्धी ठेक्का सम्झौता रद्ध गर्ने सम्बन्धमा । | पूर्वाधार शाखाबाट पेश भएका पटक पटक निर्माण अवधि थप हुँदा समेत निर्माण कार्य कार्यसम्पन्न हुन नसकेका रुग्ण अवस्थामा रहेका देहायका पुर्वाधार निर्माण सम्बन्धी देहायका योजनाहरुको ठेक्का सम्झौता रद्ध गरी नियमानुसार कारवाही प्रकृयामा जाने ।<br>देहायः-<br>१) विभिन्न कल्भर्ट निर्माण तथा विस्तार- 027/Works/NCB/KM/077/78 -सेक्टर कन्ट्रक्सन एण्ड डेभपलर्स, र न पा – १०, चितवन ।<br>२) सुन गुरौको घर देखि अजम्वरेसम्म कालोपत्रे- 005/WORKS/NCB/KM/077/078 पाण्डे कन्ट्रक्सन, राप्ती – ७, चितवन<br>३) मदन आश्रीत चोक देखि पश्चिम कविता न्यौपानेको घरसम्मको वाटो कालो पत्रे -025/WORKS/NCB/KM/077/78 -अर्भान कन्ट्रक्शन प्रा.लि., भरतपुर – १, चितवन<br>४) तुलसी खनालको घर छेउ देखि भिम पनेरुको घरसम्म -023/WORKS/NCB/KM/077/78 -अर्भान कन्ट्रक्शन प्रा.लि., भरतपुर – १, चितवन<br>५) गोपीलामा घर चोक देखि उदयपुर सा. वन, काठेपुल देखि रुम्वा टोल सडक- 022/WORKS/NCB/KM/077/78 अर्भान कन्ट्रक्शन प्रा.लि., भरतपुर – १, चितवन<br>६) गड्डुवा चोक देखि त्रिवेणी चोक नव मिलिजुली डेरी वि पि चोक देखि उत्तर वाटो मर्मत 034/WORKS/NCB/KM/077/078 प्रशंशा कन्ट्रक्शन, भरतपुर – १२, चितवन<br>७) खोलेसिमल वजार देखि गुरौचौर कुमालगाउ टोलसम्म कालोपत्रे (प्रथम पार्ट)- 004/WORKS/NCB/KM/077/078-अनेष्ट कन्ट्रक्शन प्रा.लि., भरतपुर – १०, चितवन | |
| ९ | कालिका नगर स्थानीय भूउपयोग परिषद् | कालिका नगरपालिकाको स्थानीय भूमि परिषदको मिति २०८०/०२/१६ गतेको निर्णय अनुमोदन गर्ने सम्बन्धमा । | पेश भए बमोजिमको कालिका नगरपालिकाको स्थानीय भूमि परिषदको मिति २०८०/०२/१६ गतेको निर्णय अनुमोदन गर्ने । | |

२०८०।२।१६
केशवप्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

विनोद रेग्मी
नगर प्रमुख

कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुद्रनगर, चितवन
बागमती प्रदेश, नेपाल
२०७३